नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र
खुमलटार हाइट ललितपुर,पो.ब.नं १४३६४
फोन नं ९७७-०१-५५३९३९०/५५३९३९१

ठूला बायोग्यास प्लाण्टको सम्भाव्यता अध्ययनका लागि परामर्शदाताहरुको मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना।
(वेवसाइटमा सूचना प्रकाशित मितिः २०७६/०८/१६

यस केन्द्र अर्न्तगत “Scaling Up Renewable Energy Program” (SREP) विश्व वैंकको अनुदान सहायता अर्न्तगत संचालन भइरहेको छ । यस कार्यक्रमको प्रमुख उदेश्य देशभित्रका नगरपालिका क्षेत्र एवं निजी व्यावसायिक प्रतिष्ठानहरुबाट उत्पादित फोहोरबाट ठूला क्षमताका बायोग्यास प्लाण्ट निर्माण तथा जडान गर्ने रहेको छ। यसका साथै यस केन्द्र अन्तर्गत प्रवर्द्धन भईरहेको संस्थागत तथा सामुदायिक बायोग्यास प्रणाली जडान तथा निर्माण गर्नुपूर्व यसको सम्भाव्यता तथा विस्तृत सम्भाव्यता अध्ययन रीतपूर्वकका परामर्शदाताबाट गर्नु गराउनुपर्ने प्रावधान रहेको छ । यस सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) (संशोधन सहित) को व्यवस्था अनुसार इजाजत प्राप्त परामर्शदाताहरुको सूचि तयार गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । सोही ऐनको दफा ४१ को उपदफा (१) को खण्ड (क) वमोजिमको परामर्श खरिदमा सहभागि हुन इच्छुक परामर्शदाताहरु यस सूचीमा समावेश हुन चाहेमा केन्द्रको वेवसाइटमा उपलब्ध हुने दरखास्त फाराममा विवरण भरि आवश्यक कागजातहरु सहित यस केन्द्रमा रितपुर्वक आवेदन पेश गर्न आह्वान गरिएको छ। सूचना प्रकाशित भएको मितिले प्रथम ३० दिनभित्र प्राप्त भएका आवेदनहरुको सूचि प्रथम पटक प्रकाशन गरिने छ। तत्पश्चात प्राप्त हुने आवेदनहरुको सूची चौमासिक रुपमा अध्यावधिक गरिनेछ। आवेदनमा उल्लेखित सम्पुर्ण विवरणहरु नभरिएका तथा आवश्यक प्रमाण तथा कागजातहरु समावेश भइ नआएका आवेदन उपर कुनै कारवाही हुने छैन। साथै मौजुदा सूचीमा समावेश गर्ने नगर्ने अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।

**<u>दरखास्त साथ पेश गर्नुपर्ने  कागजातहरु</u>**

क. फर्म, संस्था वा कम्पनी दर्ता (अध्यावधिक नवीकरण भएको) प्रमाणपत्रको छाँयाप्रति।

ख. स्थायी लेखा नम्वर र मू. अ. करमा दर्ता भएको प्रमाणपत्रको छाँयाप्रति।

ग. आ.ब. २०७५/७६ को करचुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाण वा म्याद थप भएको प्रमाणको छाँयाप्रति।

घ. सम्बन्धित निकायबाट प्रमाणित गरिएको प्रवन्धपत्रको छाँयाप्रति वा उदेश्य खुलेको कागजात।

ङ. केन्द्रले तयार गरेको ढाँचामा आवेदन र प्रतिवद्धतापत्र।